# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६

प.सं. : ०८२/०८३
च.नं. : —

मिति : २०८२।१०।२१

### छात्रवृत्ति सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस नगरपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमका छात्रवृत्ति उपलब्ध गराउन आर्थिक वर्ष २०८२।८३ मा नगरपालिकाबाट रकम विनियोजन भएको हुँदा नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति चन्द्रागिरिको मिति २०८२।१०।२० को निर्णयानुसार मिति २०८२।११।०६ गतेसम्म इच्छुक विद्यार्थीहरुले यसै पत्रसाथ संलग्न आवेदन फाराम भरी तोकिएका कागजातहरु सहित शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै आवेदन फाराम यस नगरपालिकाको website बाट डाउनलोड गर्न वा शिक्षा, युवा तथा खेलकुद शाखा वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्नुसक्नुहुनेछ ।

<u>तपसिल :</u>

**क) छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति :**

-यस नगरपालिका भित्र स्थायी बसोबास भएका र सूचना प्रकाशन भएको मितिसम्म उच्च शिक्षा अध्ययन गरिरहेका नियमित विद्यार्थीहरुले मात्र निवेदन दिन सक्नेछन् ।

-कुनै पनि तहको अन्तिम परीक्षा दिइसकेका र अनुत्तीर्ण भई आंसिक परीक्षा दिइरहेकालाई छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**ख) दलित उच्च शिक्षा छात्रवृत्ति :**

-यस नगरपालिका भित्र स्थायी बसोबास भएका र सूचना प्रकाशन भएको मितिसम्म उच्च शिक्षा अध्ययन गरिरहेका नियमित विद्यार्थीहरुले मात्र निवेदन दिन सक्नेछन् ।

-कुनै पनि तहको अन्तिम परीक्षा दिइसकेका र अनुत्तीर्ण भई आंसिक परीक्षा दिइरहेकालाई छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**ग) सामुदायिक विद्यालय तथा क्याम्पसमा कक्षा ११-१२ र उच्च शिक्षा छात्रवृत्ति :**

-यस नगरपालिका भित्र स्थायी बसोबास भएका र सूचना प्रकाशन भएको मितिसम्म यसै नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक क्याम्पसमा कक्षा ११, १२ र उच्च शिक्षा अध्ययन गरिरहेका नियमित विद्यार्थीहरुले मात्र निवेदन दिन सक्नेछन् ।

- कुनै पनि तहको अन्तिम परीक्षा दिइसकेका र अनुत्तीर्ण भई आंसिक परीक्षा दिइरहेकालाई छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**नोटः -माथि उल्लेखित छात्रवृत्ति दोहोरो पर्ने गरी उपलब्ध गराइने छैन ।**

**आवेदनसाथ सम्बन्धित विद्यार्थीको नाममा खाता रहेको बैंकको नाम र खाता नं.संलग्न गर्नुहुन ।**

बुद्धिप्रसाद भट्ट
शिक्षा अधिकृत

चन्द्रागिरि नगरपालिका कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं ।

**छात्रवृत्ति आवेदन फाराम**

श्रीमान् अध्यक्षज्यू
नगरस्तरीय छात्रवृत्ति व्यवस्थापन समिति, चन्द्रागिरि ।
महोदय,

काठमाडौ जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ........ निवासी .............................. का छोरा/छोरी म .................................................. चन्द्रागिरि नगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७९ को सम्पूर्ण शर्तहरुको अधिनमा रही तलका विवरण भरी छात्रवृत्ति पाउनका लागि आवश्यक कागजातका साथ यो निवेदन पेश गरेको छु । उल्लिखित विवरण ठीक साँचो हो, झुट्टा ठहरिएमा नियमानुसार सहुँला बुझाउँला भनी कवुलियत गर्दछु ।

.......................
निवेदकको दस्तखत
सम्पर्क नं.-

विवरण :
विद्यार्थीको नाम ................................ थर ......................जन्म मिति .............................
जन्मदर्ता/नागरिकतामा खुलेको ठेगाना ........................................................ ..................
हाल अध्ययन गरिरहेको विद्यालय/क्याम्पसको नाम : ........................................................
ठेगाना ............................................................
हाल अध्ययनरत कक्षा/तह : ...................................... वर्ष/सेमेष्टर ........................... तल्लो तह कक्षाको प्राप्ताङ्क जिपिए/प्रतिशत ....................................
बाबुको नाम थर ..................................... स्थायी ठेगाना .............................................
बाबुको नागरिकता नम्वर ............................ जारी मिति र जिल्ला ...............................
आमाको नाम थर ............................... स्थायी ठेगाना ...........................................
आमाको नागरिकता नं. ............................... जारी मिति र जिल्ला .....................................
अध्ययनरत विद्यालय/क्याम्पसका प्रधानाध्यापक/प्रमुखको नाम : ............................................
क्याम्पस प्रमुखको दस्तखत ................................. मिति .......................................
विद्यालय/क्याम्पसको छाप : ....................................

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. यस नगरपालिकामा स्थायी बसोबास रहेको खुल्ने कागजात (जन्मदर्ता/नागरिकता प्रमाणपत्र र बसाइँसराइ भई स्थायी बसोबास गरेको भए बसाई सराई प्रमाणपत्रको प्रतिलिपि)
२. तल्लो तहको ग्रेड सिटको प्रतिलिपि,
३. वडा कार्यालयले दिएको स्थानीय तथा विपन्नताको सिफारिश पत्र सक्कलै,
४. दलित छात्रवृत्तिका लागि जातीयता खुल्ने कागजातको प्रतिलिपि
५. क्याम्पसमा भर्ना भएको रसिद र नियमित पठनपाठन गरेको भन्ने व्यहोराको सम्बन्धित क्याम्पसको सिफारिश

बद्रिप्रसाद भट्ट
...अधिकृत